घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

घरपझोङ गाउँपालिका

# गाउँ कार्यपालिकाको ४६औं बैठकको निर्णयहरु

मिति २०८२।०३।०८

**प्रस्ताव नं. १ :-**

अघिल्लो बैठकको निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा ।

**निर्णय नं. १ :-**

मिति २०८२।३।३ गते बसेको ४५औं गाउँ कार्यपालिकाको बैठकमा गाउँसभामा पेश हुने आगामी आ.ब. २०८२।८३को बार्षिक नीति तथा कार्यक्रम मुख्य विषयवस्तुहरु छलफल भएको थियो र आगामी आ.ब. २०८२।८३ को लागि श्रोत अनुमान र बजेट सीमालाई अन्तिम रुप दिईएको थियो साथै गाउँ कार्यपालिकाको कार्यालय तर्फको बार्षिक चालु र सशर्त तर्फको बजेट विनियोजन र विषयगत शाखाहरुको बार्षिक कार्यक्रमलाई अन्तिम रुप दिईएको थियो । विद्यालय स्थगन गर्ने कार्यको प्रक्रिया अघी बढेको र अति आवश्यक तुरन्तै कार्यान्वयन भएका दुईवटा कामको अनुगमन भई भुक्तानीको प्रक्रिया अघी बढेको जानकारी भयो ।

**प्रस्ताव नं. २ :-**

वडा कार्यालयहरुबाट प्राप्त योजना तथा कार्यक्रमहरु सम्बन्धमा ।

**निर्णय नं. २ :-**

आगामी आ.ब. २०८२।८३ को योजना तथा कार्यक्रमहरु तर्जुमा गर्ने सम्बन्धमा गाउँपालिकाबाट उपलब्ध गराईएको बजेट सिलिङको आधारमा ५ वटै वडाहरुबाट प्राप्त भएको योजना र कार्यक्रमहरु उपर वृहत रुपमा छलफल भयो र छलफलको आधारमा तपसिल बमोजिमका योजना तथा कार्यक्रमहरुलाई विनियोजन विधेयक, २०८२ मा समावेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल :-**

| १ नं. वडा, घरपझोङ गाउँपालिका | | | | |
|---|---|---|---|---|
| क्र.सं. | योजनाको नाम | कार्यक्रम सञ्चालन हुने स्थान | आ.व.२०८२।८३ को बजेट अनुमान | कैफियत |
| १ | छैरो सिंचाई कुलो निर्माण | घरपझोङ गा.पा.-१ | ८००००० | |
| २ | छैरो आ.वि. मा आवासीय व्यवस्थापन | घरपझोङ गा.पा.-१ | ८००००० | |
| ३ | छैरो सामुदायिक भवनमा कम्पाउण्ड निर्माण, बत्ती, पानी मर्मत | घरपझोङ गा.पा.-१ | ५००००० | |
| ४ | छैरो आमा समूहलाई फर्निचर र अन्य सामाग्री खरिद तथा व्यवस्थापन | घरपझोङ गा.पा.-१ | ३००००० | |
| ५ | चिमाङ क्यूथाङ देखि स्वास्थ्य की हुँदै सोको ध्युङ सम्म कृषि सडक स्तरोन्नती | घरपझोङ गा.पा.-१ | ६००००० | |
| ६ | चिमाङ सिंचाई कुलो निर्माण | घरपझोङ गा.पा.-१ | ११००००० | |
| ७ | चिमाङ चर्च मर्मत | घरपझोङ गा.पा.-१ | ५००००० | |
| ८ | चिमाङ सामुदायिक भवन मर्मत तथा ढल व्यवस्थापन | घरपझोङ गा.पा.-१ | ३००००० | |
| ९ | छैरो गाउँभित्र थप सडक बत्ती विस्तार | घरपझोङ गा.पा.-५ | १००००० | |
| | जम्मा | | ५०००००० | |

निर्णय प्रमाणित

०८२।०३।०८

| | | | | |
|---|---|---|---|---|
| २ नं. वडा, घरपझोङ गाउँपालिका | | | | |
| १ | मार्फा फार्मखोलामा सिंचाई पोखरी निर्माण तथा व्यवस्थापन गर्ने | घरपझोङ गा.पा.-२ | २०००००० | |
| २ | मितेरी पार्क तथा एप्पल पार्कमा थप पर्यटन पूर्वाधार निर्माण तथा मर्मत गर्ने | घरपझोङ गा.पा.-२ | १०००००० | |
| ३ | दलित बस्ती देखि तोल्लो काङनी सम्म छपनी बिच्याउने कार्य | घरपझोङ गा.पा.-२ | १०००००० | |
| ४ | घट्टेखोला देखि सामाग्री सम्म सडक बत्ती जडान गर्ने कार्य | घरपझोङ गा.पा.-२ | ५००००० | |
| ५ | मार्फा सभागृह भवनको छानामा रंगरोगन तथा पेटी मर्मत गर्ने कार्य | घरपझोङ गा.पा.-२ | ५००००० | |
| | जम्मा | | ५०००००० | |
| ३ नं. वडा, घरपझोङ गाउँपालिका | | | | |
| १ | खानेपानी तथा ढल निकासा, पुथाङ र एक्लेभट्टी | घरपझोङ गा.पा.-३ | १२००००० | |
| २ | फर्निचर खरिद, पुथाङ आमा समूह | घरपझोङ गा.पा.-३ | २५०००० | |
| ३ | स्याङ खेतबारी वरीपरी तारजाली लगाउने | घरपझोङ गा.पा.-३ | ७००००० | |
| ४ | टसी ल्हखाङ गुम्बामा छपनी बिच्याउने | घरपझोङ गा.पा.-३ | २००००० | |
| ५ | जनकल्याण आ.वि.मा शौचालय निर्माण | घरपझोङ गा.पा.-३ | ५००००० | |
| ६ | पुतचोकमा सिंचाई कुलो निर्माण | घरपझोङ गा.पा.-३ | ३००००० | |
| ७ | दलित तथा विपन्न परिवारलाई गाईपालनको लागि ५०% अनुदान कार्यक्रम | घरपझोङ गा.पा.-३ | ४००००० | |
| ८ | दलित तथा विपन्न परिवारलाई साखिनी कुखुरा पालनको लागि ५०% अनुदान कार्यक्रम | घरपझोङ गा.पा.-३ | १००००० | |
| ९ | कोल्डसंटोरको लागि क्रेट खरिदमा ५०% अनुदान कार्यक्रम | घरपझोङ गा.पा.-३ | १००००० | |
| १० | जिल्ला मेला सञ्चालन | घरपझोङ गा.पा.-३ | १००००० | |
| ११ | ISO खनिज तेल खरिदमा ५०% अनुदान कार्यक्रम | घरपझोङ गा.पा.-३ | १००००० | |
| १२ | नागरिक आरोग्य केन्द्र स्याङको लागि औषधी खरिद | घरपझोङ गा.पा.-३ | ५०००० | |
| १३ | छेकोङ सिमसार क्षेत्र संरक्षण तथा व्यवस्थाप | घरपझोङ गा.पा.-३ | १००००० | |
| १४ | छेकोङ साउना बाथमा भवन निर्माण | घरपझोङ गा.पा.-३ | ८००००० | |
| १५ | छेकोङ साउना बाथमा फर्निचर खरिद | घरपझोङ गा.पा.-३ | १००००० | |
| | जम्मा | | ५०००००० | |
| ४ नं. वडा, घरपझोङ गाउँपालिका | | | | |
| १ | लोमन कुजेनमा बत्ती बाल्ने, तपस्या गर्ने भवन निमार्ण तथा सौन्दर्यता पार्क निर्माण | घरपझोङ गा.पा.-४ | १५००००० | |
| २ | नकी पुल देखि पूर्ण थकालीको घर पछाडी सम्मको ढल, सरसफाई तया स्लेब निर्माण | घरपझोङ गा.पा.-४ | ५००००० | |
| ३ | सडक बत्ती व्यवस्थापन | घरपझोङ गा.पा.-४ | १९००००० | |
| ४ | सी.सी.टी.भी. क्यामेरा थप जडान गर्ने | घरपझोङ गा.पा.-४ | २००००० | |
| ५ | जोमसोम खेतबारी संरक्षण ढोका तथा तारजाली मर्मत | घरपझोङ गा.पा.-४ | ४००००० | |
| ६ | मुस्ताङ सामुदायिक दन्त उपचार केन्द्र चिकित्सकको | घरपझोङ गा.पा.-४ | २००००० | |

घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

निर्णय प्रमाणित।
...०३/०८

| | | | | |
|---|---|---|---|---|
| | पारिश्रमिक | | | |
| | जनहित मा.वि. मा ECD कक्षा व्यवस्थापन | घरपझोङ गा.पा.-४ | ३००००० | |
| | जम्मा | | ५०००००० | |
| **५ नं. वडा, घरपझोङ गाउँपालिका** | | | | |
| १ | खेतबारीमा गेट निर्माण तथा मर्मत, ठिनी | घरपझोङ गा.पा.-५ | ५००००० | |
| २ | ठिनी खेल मैदान निर्माण | घरपझोङ गा.पा.-५ | १५००००० | |
| ३ | ढुम्बा समाज घरमा छपनी बिच्याउने | घरपझोङ गा.पा.-५ | ७००००० | |
| ४ | भ्रा घेम तथा ठिनी कृषि सडक स्तरउन्नती | घरपझोङ गा.पा.-५ | ५००००० | |
| ५ | ढुम्बा, सम्ले सिंचाई कुलो निर्माण तथा सिमसार क्षेत्र व्यवस्थापन | घरपझोङ गा.पा.-५ | ४००००० | |
| ६ | मुक्तिनमुना आ.वि. जाने बाटो मर्मत, ठिनी | घरपझोङ गा.पा.-५ | ३००००० | |
| ७ | छपनी बिच्याउने योजना, ठिनी | घरपझोङ गा.पा.-५ | ७००००० | |
| ८ | सम्ले ढुम्बा गाउँबस्तीमा सडक बत्ति जडान | घरपझोङ गा.पा.-५ | ४००००० | |
| | जम्मा | | ५०००००० | |

गाउँ कार्यपालिकाको कार्यालय घरपझोङ गाउँपालिका जोमसोम, मुस्ताङ गण्डकी प्रदेश, नेपाल

**प्रस्ताव नं. ३ :-**

आगामी आ.ब. २०८२।८३ को नीति तथा कार्यक्रम सम्बन्धमा ।

**निर्णय नं. ३ :-**

गाउँ कार्यपालिकाको कार्यालयबाट पेश भएको आगामी आर्थिक बर्ष २०८२।८३ को गाउँपालिकाको बार्षिक नीति तथा कार्यक्रमलाई अन्तिम रुप दिईयो । उक्त नीति तथा कार्यक्रमलाई यस घरपझोङ गाउँपालिकाका अध्यक्ष एवं सभाध्यक्ष श्री मोहन सिंह लालचनद्वारा आगामी गाउँसभाको सभामाको अधिवेशनमा पेश गर्ने तथा छलफल सहित सभामा निर्णयार्थ पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ४ :-**

आर्थिक विधेयक, २०८२ सम्बन्धमा ।

**निर्णय नं. ४ :-**

स्थानीय राजश्व परामर्श समितिको निर्णय अनुसार प्रस्ताव गरिएको आगामी आ.ब. २०८२।८३ को राजश्व प्रक्षेपणको प्रतिवेदनमा छलफल हुँदा केही संशोधन सहितको आर्थिक विधेयक, २०८२ आगामी गाउँसभाको अधिवेशनमा उपाध्यक्ष श्री जमुना थापा मगर द्वारा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ५ :-**

विनियोजन विधेयक, २०८२ सम्बन्धमा ।

**निर्णय नं. ५ :-**

गाउँ कार्यपालिकाको मिति २०८२।३।३ गते बसेको बैठकमा निर्णय भएको आगामी आर्थिक बर्ष २०८२।८३ को कार्यालयको चालु खर्च तर्फको बजेट र शाखागत रुपमा स्वीकृत भएको कार्यक्रम तथा बजेट साथै निर्णय नं. ३ अनुसार वडाहरुबाट पेश भएका योजना तथा कार्यक्रमहरु समेटिएको आगामी आर्थिक बर्ष २०८२।८३ को लागि रु.३२,०६,३३,१८१।- को विनियोजन विधेयक, २०८२ उपाध्यक्ष श्री जमुना थापा मगर द्वारा आगामी गाउँसभाको अधिवेशनमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय प्रमाणित

**प्रस्ताव नं. ६ :-**

कैसाङ खोला ठिनी जोमसोम सिंचाई आयोजनको विस्तृत परियोजना प्रतिवेदन सम्बन्धमा ।

**निर्णय नं. ६ :-**

गाउँपालिकाको स्वीकृत कार्यक्रम अनुसार Project Engineering Consultancy and Research Pvt. Ltd, Kathmandu ले प्रस्तुतिकरण गरेको कैसाङ खोला ठिनी जोमसोम सिंचाई आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (DPR) स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्तान नं. ७ :-**

गणतन्त्र पार्क निर्माणको भुक्तानी सम्बन्धमा ।

**निर्णय नं. ७ :-**

मिति २०८२।२।१५ गते गणतन्त्र दिवसको उपलक्ष्यमा गणेश मन्दिर नजिक यस गाउँपालिकाको पहलमा निर्माण भएको गणतन्त्र पार्कमा लागेको खर्च रु.५३,५१५।८२ निर्मित सार्वजनिक सम्पत्तिको मर्मत संभार शिर्षकवाट भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ८ :-**

स्वास्थ्य शाखको कार्यक्रम संशोधन सम्बन्धमा ,

**निर्णय नं. ८ :-**

गाउँ कार्यपालिकाको मिति २०८२।३।३ गतेको बैठकबाट गाउँसभामा पेश गर्ने गरी प्रस्ताव गरिएको आगामी आर्थिक वर्ष २०८२।८३ को स्वास्थ्य शाखा तर्फको बार्षिक योजना तथा कार्यक्रममा संशोधन भएकोले संशोधित बार्षिक योजना तथा कार्यक्रम स्वीकृत गर्ने र सोही अनुसार विनियोजन विधेयकमा समावेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ९ :-**

गाउँसभाको अधिवेशनमा प्रमुख अतिथि एवम् विशिष्ट अतिथि आमन्त्रण गर्ने सम्बन्धमा ।

**निर्णय नं. ९ :-**

मिति २०८२।३।१० गते सञ्चालन हुने यस गाउँपालिका गाउँसभाको १६औं अधिवेशनको अवसरमा जिल्ला समन्वय प्रमुख श्री माया गुरुङज्यूलाई प्रमुख अतिथिको रुपमा आमन्त्रण गर्ने र प्रमुख जिल्ला अधिकारी श्री विष्णु प्रसाद भुसालज्यूलाई विशिष्ट अतिथिको रुपमा आमन्त्रण गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. १० :-**

गाउँ टोल सफा राख्ने समुहलाई सम्मान र पुरस्कार सम्बन्धमा ।

**निर्णय नं. १० :-**

चालु आर्थिक बर्षको स्वीकृत बार्षिक नीति तथा कार्यक्रम र बजेट बमोजिम यस आर्थिक बर्षमा गाउँ टोल सफा राख्ने समुहहरु मध्ये श्री चिमाङ आमा समुह, वडा नं.१ चिमाङ र श्री ठिनी आमा समुह, वडा नं. ५ ठिनीलाई नगद रु.१०,०००।- (दश हजार) को दरले पुरस्कार र प्रशंसा पत्र प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय प्रमाणित

०८२।०३।०८

घरपभोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

**प्रस्ताव नं. ११ :-**

उच्च रकम करदाता सम्मान सम्बन्धमा ।

**निर्णय नं. ११ :-**

गत आर्थिक बर्ष २०८०।८१ मा यस गाउँपालिकामा नियमानुसारको समय भित्र सबै भन्दा बढी कर तिरेर राज्यको एक असल नागरिकको भुमिका निर्वाह गर्नु भएका घरपभोङ गाउँपालिका २ नं. वडा मार्फा निवासी श्री विष्णुराज हिराचनलाई दोसल्ला आढाई सम्मान-पत्र सहित आगामी गाउँसभाको अधिवेशनमा सम्मान गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. १२ :-**

पत्रकार सम्मान सम्बन्धमा ।

**निर्णय नं. १२ :-**

यस हिमालपारीको जिल्ला मुस्ताङमा पहिलो र जेठो क वर्गको हिमालपारीको आवास साप्ताहिक पत्रिका प्रकाशनको शुरुवात गरी निरन्तरता दिनु भएका, नेपाल पत्रकार महासंघ मुस्ताङ शाखाका संस्थापक अध्यक्ष एवं विभिन्न समयमा विभिन्न सञ्चार माध्यमहरुमा आवद्ध भई मुस्ताङ जिल्लाको चौतर्फि विकासको लागि कलम चलाउदै आउनु भएका अग्रज पत्रकार घरपभोङ गाउँपालिका १ नं. वडा चिमाङ निवासी श्री भिम बहादुर रसाईलीलाई दोसल्ला ओढाई सम्मान पत्र सहित आगामी गाउँसभाको अधिवेशनमा सम्मान गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. १३ :-**

शोक प्रस्ताव सम्बन्धमा ।

**निर्णय नं. १३ :-**

घरपभोङ गाउँपालिका २ नं. वडा, मार्फामा बाबु शंख जुहारचन र आमा छिङडोमा जुहारचनको कोखबाट मिति २०१३ साल चैत्र १० गते जन्म भई विभिन्न सामाजिक सेवामा समर्पित हुनु भएका संविधान सभा सदस्य वीरेन्द्र जुहारचनको मिति २०८२ साल जेष्ठ २९ गतेका दिन ६९ बर्षको उमेरमा भएको असामयिक निधन प्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दै आगामी गाउँसभाको अधिवेशनमा सभाध्यक्षबाट शोक प्रस्ताव प्रस्तुत गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. १४ :-**

गाउँसभाको १६औं अधिवेशनको पहिलो बैठकको कार्यसूची सम्बन्धमा ।

**निर्णय नं. १४ :-**

मिति २०८२।३।१० गते बिहान ८:०० बजे देखि सञ्चालन हुने गाउँसभाको १६औं अधिवेशनको पहिलो बैठकको कार्यसूची तपसिल बमोजिम स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय प्रमाणित।

०८२।०३।०८

घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

तपसिल :-

## गाउँसभाको १६औं अधिबेशनको पहिलो बैठकको कार्यसूची

मिति: २०८२।३।१० गते, मंगलवार

समय: बिहान ८:००

| क्र.सं. | समय | कार्यसूची | प्रस्तुतकर्ता |
|---|---|---|---|
| १. | बिहान ८:०० | अध्यक्षले गाउँ सभाको १६औं अधिवेशन आह्वान गरेको पत्रको व्यहोरा सभामा वाचन गरेर जानकारी गराउने | सभाध्यक्ष श्री मोहनसिंह लालचन |
| २. | बिहान ८:१५ | अधिवेशनको सफलताको शुभकामना मन्तव्य | १. सदस्य श्री जैकला वि.क.<br>२. सदस्य श्री मणि वि.क.<br>३. सदस्य श्री कृष्ण प्रसाद थकाली |
| ३. | बिहान ८:२५ | प्रमुख अतिथिको शुभकामना मन्तव्य | |
| ४. | बिहान ८:३५ | विशिष्ट अतिथिको शुभकामना मन्तव्य | |
| ५. | बिहान ८:४५ | प्रमुख अतिथि र विशिष्ट अतिथिज्यूहरुलाई धन्यवाद प्रस्ताव | सभाध्यक्ष श्री मोहनसिंह लालचन |
| ६. | बिहान ८:५० | आर्थिक बर्ष २०८२।८३ को नीति तथा कार्यक्रम प्रस्तुती छलफल र निर्णयार्थ पेश | सभाध्यक्ष श्री मोहनसिंह लालचन |
| ७. | बिहान ९:३० | आर्थिक बर्ष २०८२।८३ को आर्थिक विधेयक, २०८२ र विनियोजन विधेयक, २०८२ सभामा प्रस्तुत | उपाध्यक्ष श्री जमुना थापा मगर |
| ८. | बिहान १०:०० | गाउँ टोल सफा राख्ने समूहलाई सम्मान र पुरस्कार | सभाध्यक्ष श्री मोहन सिंह लालचन |
| ९. | बिहान १०:०५ | उच्च रकम करदाता सम्मान | सभाध्यक्ष श्री मोहन सिंह लालचन |
| १०. | बिहान १०:१० | पत्रकार सम्मान | सभाध्यक्ष श्री मोहन सिंह लालचन |
| ११. | बिहान १०:१५ | शोक प्रस्ताव | सभाध्यक्ष श्री मोहन सिंह लालचन |
| १२. | बिहान १०:२५ | बैठक समापन र अधिवेशन स्थगित | सभाध्यक्ष श्री मोहनसिंह लालचन |

निर्णय प्रमाणित ।
०८२।०३।०८

घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल